मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८१।०८२
च.नं. :

E-mail:info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

मितिः२०८१।०८।२८ गते

विषयः- स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ बमोजिम तहवृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा मधेश प्रदेश सरकारद्वारा जारी स्थानीय सेवा (गठन तथा सञ्चलन) ऐन, २०८१ को दफा ४ को उपदफा (६) र दफा २९ को उपदफा (१) अनुसार तहवृद्धि हुने पद भन्दा एक तह मुनिको स्थायी पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता, न्यून्तम सेवा अवधि पूरा गरेका यस मनराशिसवा नगरपालिका कार्यालय अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई तह वृद्धि हुने प्रयोजनका लागि तपसिल बमोजिमका कागजातहरु सहित ३० दिन भित्र यस कार्यालायको प्रशासन शाखामा आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण भरी पेश गरेको र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

१. निवेदन
२. शुरु नियुक्ति पत्रको प्रतिलिपी
३. बढुवा/समायोजन पत्रको प्रतिलिपी (हालको पदमा बढुवा/समायोजन भएका कर्मचारीहरूको लागि मात्र)
४. न्यून्तम शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी

राजेश कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
१. श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम ।
२. श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम ।
३. श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर ।
४. श्री वडा कार्यालय (१ देखि १० सम्म), मनराशिसवा नगरपालिका।
५. श्री सुचना प्रविधि शाखा, मनराशिसवा नगरपालिका (वेवसाइटमा प्रकाशन गर्न हुन)।